नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८

चलानी नं. : ३६३

मिति : २०७७ माघ ९ गते

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सबै)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को मिति २०७७।९।२३ च.नं. १२९०२ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आयोगको कार्यालय, बुटवलमा दर्ता भएको जिल्ला प्यूठान, स्वर्गद्वारी नगरपालिकाले बिना दरबन्दी अप्राविधिक कर्मचारीहरुको म्याद थप गरी कानून विपरित कार्य गरेको तथा लोकसेवा आयोगबाट सिफारिस भै कर्मचारी हाजिर भैसक्दा पनि बिना दरबन्दी विभिन्न प्रशासनिक पदमा करार तर्फका कर्मचारीहरुको म्याद थप गरेको भन्ने समेत व्यहोराको उ.द.नं. ८-००७८२० मिति २०७७।५।३० को उजुरी उपर छानविन हुँदा नगरपालिकामा ५९ जना कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेकोमा नगर कार्यपालिकाको मिति २०७५।४।१७ को ४२ औं बैठकले सो संख्या ६५ पुन्याई विभिन्न सेवा समूहमा ४० जना कर्मचारीहरु करारमा समेत राखि "स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७६, आयोगबाट स्थानीय तहहरुलाई दिइएको ६१ बुँदे सुझावको बुँदा नं. २९ र ३० एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्था" लगायतका प्रचलित कानूनहरुको मर्म र भावना विपरित कार्य गरेको देखिएको हुँदा त्यस्तो खाले निर्णय बदर गर्न र आगामी दिनमा सो कार्य भए गरेको पाइएमा सम्बन्धित निर्णयकर्ताबाटै त्यसरी कर्मचारी भर्ना वा म्याद थप गर्नाको कारण सिर्जना भएको आर्थिक व्ययभार समेत भराउने व्यवस्था गर्न/गराउनु हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम यस मन्त्रालय मार्फत स्वर्गद्वारी नगरपालिका लगायत सबै पालिकाहरुलाई सुझाव लेखी पठाउने भनी आयोगको मिति २०७७।९।१३ को निर्णयानुसार लेखि आएको हुँदा सम्मानीत आयोगको उक्त निर्णय कार्यान्वयनका लागि यस मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७७।१०।४ को निर्णयानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल

शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

अनुसन्धान महाशाखा नं. ४, टङ्गाल, काठमाडौं ।

दर्ता नं. ८९५

मिति ०७७।१०।१३

website upload

फोन नं. : (+९७७)-(१)-४२००३०६

इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com बेवसाईटः www.mofaga.gov.np

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं.४
२०४७

पत्र संख्या :- ४ स्थानीय-बुटवल। ०७७। ०७८
चलानी नं. :- १२३०२

मितिः-२०७७।०९।२३

विषयः सुझाव सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

उपरोक्त विषयमा आयोगको कार्यालय, बुटवलमा दर्ता भएको जिल्ला प्यूठान, स्वर्गद्वारी नगरपालिकाले बिना दरवन्दी अप्राविधिक कर्मचारीहरुको म्याद थप गरी कानून विपरित कार्य गरेको तथा लोकसेवा आयोगबाट सिफारिस भै कर्मचारी हाजिर भैसक्दा पनि विना दरबन्दी विभिन्न प्रशासनिक पदमा करारतर्फका कर्मचारीहरुको म्याद थप गरेको भन्ने समेत व्यहोराको उ.द.नं. ८-००७८२०, मिति २०७७।०५।३० को उजुरी उपर छानविन हुँदा नगरपालिकामा ५९ जना कर्मचारीहरुको स्वीकृत दरवन्दी रहेकोमा नगर कार्यपालिकाको मिति २०७५/०४/१७ को ४२ औं बैठकले सो संख्या ६५ पुर्‍याई विभिन्न सेवा समूहमा ४० जना कर्मचारीहरु करारमा समेत राखि "स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७६, आयोगबाट स्थानीय तहहरुलाई दिइएको ६१ बुँदे सुझावको बुँदा नं. २९ र ३० एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्था' लगायतका प्रचलित कानूनहरुको मर्म र भावना विपरित कार्य गरेको देखिएको हुँदा त्यस्तो खाले निर्णय बदर गर्न र आगामी दिनमा सो कार्य भए गरेको पाइएमा सम्वन्धित निर्णयकर्ताबाटै त्यसरी कर्मचारी भर्ना वा म्याद थप गर्नाको कारण सिर्जना भएको आर्थिक व्ययभार समेत भराउने व्यवस्था गर्न/गराउनु हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम तँहा मन्त्रालय मार्फत स्वर्गद्वारी नगरपालिका लगायत सबै पालिकाहरुलाई सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०७७/०९/१३ मा निर्णय भएको हुँदा सो निर्णयानुसार गर्नु गराउनुहुन अनुरोध छ।

(धर्मराज लामा)
लेखा अधिकृत